मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

मास्क कसरी लगाउने ?ः पृष्ठ ३



◆ वर्ष : २५ ◆ अङ्क : १९४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ३० गते शुक्रवार (Friday, June 12. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## पीसीआर ल्याबका लागि मेची उद्योग वाणिज्य संघ र भन्सार एजेन्ट संघको सहयोग



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, जेठ २९।** 'एकका लागि एक अभियान' अन्तर्गत झापामा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर ल्याब स्थापनाका लागि मेची उद्योग वाणिज्य संघ र मेची भन्सार एजेन्ट संघले ५१ हजार रुपैयाँ प्रदान गरेका छन् ।

विहीवार बिर्तामोडमा भएको एक कार्यक्रमकाबीच मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषि तिम्सिना, सचिव रवि नेपाल, कार्यालय प्रमुख गोपाल बस्नेत तथा मेची भन्सार एजेन्ट संघका अध्यक्ष मोहन निरौलाले संयुक्त रुपमा ५१ हजार रुपैयाँ हस्तान्तरण गरेका हुन् । अभियानको तर्फबाट सह-संयोजक बिनोद बस्नेत, सदस्यहरु बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, झापा गोल्डकपका महासचिव गजेन्द्र पौडेल र वीरता जेसीजका अध्यक्ष मिजास पोखरेलले रकम ग्रहण गरेका थिए ।

अभियानका सहसंयोजक बस्नेतले सहयोगी सबैलाई धन्यवाद ज्ञापन गर्दै एकका लागि एक अभियानले विश्वभर रहेका झापालीलाई एक ठाउँमा जोडेको बताए । उनले महामारी नियन्त्रणका लागि छिटोभन्दा छिटो पीसीआर ल्याब स्थापना गर्न सबैलाई सहयोगका लागि आव्हान गरेका छन् । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराईले एकका लागि एक अभियानमा निजी क्षेत्रको समेत उत्साहजनक सहभागिता बढेको भन्दै खुशी व्यक्त गरे । उनले सबै उद्योग वाणिज्य संघ तथा वस्तुगत संघहरुलाई समेत यस अभियानमा जोडिन आग्रह गरेका छन् ।

मेची उद्योग वाणिज्य संघका अध्यक्ष तिम्सिना र भन्सार एजेन्ट संघका अध्यक्ष निरौलाले अभियानमा जोडिन पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग जारी राख्ने प्रतिबद्धता जनाए । कार्यक्रमको सञ्चालन अभियानका सदस्य तथा पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले गरेका थिए ।

एकका लागि एक अभियान, अन्तर्राष्ट्रिय झापाली समाज, जिल्ला सहकारी संघ, प्रदेश सरकार तथा झापाका स्थानीय सरकारको सहकार्य र समन्वयमा पीसीआर ल्याब स्थापना हुने अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए । केही समयभित्रै झापामा स्थापना गरिने पीसीआर ल्याबको सम्पूर्ण लागत एक करोड १५ लाख रुपैयाँ लाग्ने बताइएको छ । अभियानमा विभिन्न अढाई दर्जन सामाजिक संघ-संस्था साझेदारका रुपमा आवद्ध भएका छन् ।

जनस्तरबाट मुलुकमै पहिलोपटक स्थापना गर्न लागिएको पीसीआर ल्याबका लागि विभिन्न सामाजिक संस्था तथा व्यक्तिगत रुपमा पनि दाताहरुले सहयोग गर्ने क्रम बढेको छ ।

# पहिचान दिने बालीको वर्गीकरण गर्न सुझाव

लक्ष्मी उप्रेती

**काँकरभिट्टा, जेठ २९।** मेचीनगर नगरपालिकालाई नगरपालिकाको पहिचान दिन सक्ने बालीको वर्गीकरण गर्न कृषि अर्थविज्ञ र सरोकारवालाहरुले सुझाव दिएका छन् ।

नगरपालिकाको सभाकक्षमा आयोजित एक कार्यक्रममा मेचीनगर नगरपालिका क्षेत्रले कुनै एउटा बालीले आफ्नो पहिचान बनाउनुपर्नेमा उनीहरुल जोड दिएका छन्। नगरपालिकाको आर्थिक वर्ष २०७७/ ०७८ को वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा सन्दर्भमा कृषि अर्थविज्ञ कृषिसँग जोडिएका सहकारी संघ-संस्थाका प्रमुख प्रतिनिधीहरुसँग कृषिसँग सम्बन्धित विषयमा राय सुझाव संकलन गर्न आयोजित छलफल कार्यक्रमका सहभागीहरुले यस्तो कुरामा जोड दिएका हुन् ।

कृषि अर्थविज्ञ सुरेशकुमार कामतको सहभागितामा भएको छलफलमा मेचीनगरका १५ वटा वडामा अलग-अलग बाली लगाउन समेत नगरपालिकालाई सुझाव दिएका थिए। कुन वडामा के खती गर्न सकिन्छ ? त्यहाँको माटो कस्तो छ ? त्यसको पहिचान गरी त्यो माटोमा जुन वस्तुको उत्पादन हुन्छ, त्यसैको खेती गर्नुपर्ने सहभागीहरुको भनाइ थियो ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख नीलकमल सिहंले अब युवा लक्षित कृषि बाली छनौट गर्नुपर्नेमा जोड दिँदै पूर्व पश्चिम लोकमार्गको साइडमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र फलफूल लगाउन सुझाव दिए । उनले टनेल खेतीलाई प्रोत्साहन दिन भन्दै धेरै वाली भन्दा पनि तीनवटा बाली छनौट गरी चाक्लावन्दी खेतीलाई समेत बढवा दिनुपर्ने बताए । कार्यक्रममा बोल्ने अधिकाँश बक्ताहरुले कृषि औजारीकरणमा जोड दिँदै स्थानीय सरकारले कृषकले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुर्‍याउन सडक तथा बजारीकरणको व्यवस्थापन गर्न राय प्रस्तुत गरेका थिए ।



बाझो जमनिको व्यवस्थापन, सिचाई, औजारीकरण, ग्रेडिङ, प्याकेजिङलगायतका विषयमा समेत स्थानीय सरकारले ध्यान दिनुपर्ने सहभागीको भनाइ थियो । सम्भावित क्षेत्रको पहिचान गरी मौसमी तथा बेमौसमी खेती गर्न सके आर्थिक रुपमा कृषकको जीवनस्तर मजवुत हुने हुँदा त्यसतर्फ पनि नगरपालिका लाग्नुपर्ने सहभागीको जोड थियो ।

अहिलेसम्म कृषि प्राविधिकहरु लक्षित समुदायसँग पुग्न नसकेको भन्दैं प्रत्येक वडामा एक/एकजना कृषि प्राविधिकको व्यवस्था नगरपालिकाले गर्नुपर्ने, मलखाद प्राङरिक, जैविक तथा रसायनिक मलको समुचित व्यवस्थापन गर्नुपर्ने, चाक्लावन्दी खेती प्रणालीको प्रारम्भ, सहकारी साझेदारी कार्यक्रम, प्रतिस्पर्धी उत्पादन प्रणाली, बाली उपचार प्रणाली, कृषि वीमाको प्रचार प्रसार, माटो परीक्षण, टनेल खेतीसहित थोपा सिचाइ, गुणस्तरीय बीऊ बिजनको उत्पादन उत्पादित वालीको मुल्य श्रृखलामा परिवर्तनलगायतका विषयमा छलफल भएको थियो ।

कृषि अर्थविज्ञ सुरेशकुमार कामत, नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रामचन्द्र उप्रेती, मेची कृषक बहुमुखी सहकारी संस्था लिमिटेड अन्तर्गतको सामुदायिक पोष्ट हार्मेष्ट सेवाकेन्द्रका संयोजक दुर्गाप्रसाद सापकोटा, महालक्ष्मी कृषि सहकारी संस्थाका अध्यक्ष दुर्गा खतिवडा, जुनतारा कृषि सहकारी संस्थाका अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## आपराधिक घटनामा कमी

**काठमाडौँ, जेठ २९।** मुलुकमा विगत वर्षको तुलनामा बन्दाबन्दीको समयमा आपराधिक घटनामा कमी आएको छ ।

नेपाल प्रहरीका अनुसार लकडाउनले गर्दा झण्डै ६० प्रतिशत आपराधिक घटना घटेको छ । तथ्याङ्कमा आत्महत्याका घटनामा समेत विगतको वर्षहरुमा भन्दा कमी आएको देखिएको छ ।

प्रहरीले केही कर्त्तव्य ज्यान तथा भवितव्यका घटना तथा घरभित्र हुने अपराध र जबर्जस्ती करणीका घटना घटेका जनाएको छ । रुकुमको सोती र रुपन्देहीको गाई फार्ममा गम्भीर प्रकृतिको घटना भएका छन् । यी लगायतका घटनाहरुमाथि गम्भीर रुपमा छानविन गरी दोषीलाई कानूनी कारवाही गर्ने सरकारले यसअघि नै प्रतिबद्धता जनाइसकेको छ ।

गृह मन्त्रालयका सूचना अधिकारी उमाकान्त अधिकारीले तुलनात्मक रुपमा हेर्दा आपराधिक घटनामा विगतको भन्दा निक्कै कम देखिएको र आत्महत्याका घटनामा समेत कमी आएको बताए । उनका अनुसार विवरण विश्लेषण गर्दा करीब १४ प्रतिशतले आत्महत्यामा कमी आएको देखिएको छ ।

गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार चालु आवको पछिल्लो तीन महिना (चैत, वैशाख, जेठ) मा २२१ वटा चोरीका घटना भएका छन् । यो संख्या गत आवको सोही अवधिमा ७११ थियो । संगठित तथा आर्थिक अपराधतर्फ गत आवको पछिल्लो तीन महिनामा एक हजार ३१९ घटना भएका थिए । चालु आवको सोही अवधिमा ५०३ पुग्यो । यस्तै महिला, बालबालिका सम्बन्धीको अपराधमा गत आवको पछिल्लो तीन महिनामा एक हजार २१८ वटा घटना भएकामा चालू आवको सोही अवधिमा ६०० घटना भए ।

सामाजिक अपराध गत आवको पछिल्लो तीन महनिामा तीन हजार ५३२ वटा भए भने चालू आवमा ९२३ घटना मात्रै भएका छन् । सवारी सम्बन्धीमा अपराध गत आवको पछिल्लो तीन महिनामा ७०५ थियो चालु आवको सोही अवधिमा २०७ वटा मात्रै भए । विवरणमा चालू आवको जेठ १५ सम्मको घटनालाई मात्र समेटिएको छ ।

**आत्महत्यामा कमी**

आत्महत्या बढ्यो भनेर विवरणहरु बाहिर आएपछि गृह मन्त्रालयका अधिकारी र सुरक्षा अधिकारीबीच बुधबार बैठक समिक्षा गरिएको थियो । उक्त बैठकले केही छिटफुट गम्भीर प्रकृतिका घटना भए पनि समग्रमा आपराधिक घटनामा कमी आएको निष्कर्ष निकालेको छ । आत्महत्याका घटना समेत विगतको भन्दा कमी नै रहेको बैठकको निष्कर्ष छ ।

प्राप्त विवरण अनुसार गत आवको चैत, वैशाख र जेठको तुलनामा चालू आवको सोही अवधि ३२८ ले आत्महत्यामा कमी आएको देखिएको छ। यद्यपि, यसमा चालु आवको जेठ १५ सम्मको मात्रै घटना समेटिएको छ।। पन्ध्र दिनमा यति धेरै घटना नहुने प्रहरीको भनाइ छ। कतिपय घटनाहरु सामाजिक चेतना र प्रहरीको सक्रियताले पनि बाहिर आउने गरेका छन् ।

चालु आवको चैत, वैशाख र जेठमा कोभिड-१९का कारण सरकारले लकडाउनको आदेश जारी गरेको थियो । सोही अवधिको अभिलेख विश्लेषण गर्दा बन्दाबन्दी कै कारण आत्महत्या बढेको अभिलेखले नदेखाउने नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाही बताउँछन्। उनका अनुसार औसत विवरण विगतको भन्दा केही कम देखिन्छ। कतिपय आत्महत्या बन्दाबन्दीसँग जोडिएको हुनसक्ने भए पनि त्यसरी अध्ययन नभएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। तथ्याङ्कमा झुण्डिएर आत्महत्या गरेका घटना भने

(बाँकी अन्तिम पृष्ठमा)

## तत्काल ऋण नउठाउन विप्लवको चेतावनी

**झापा, जेठ २९।** नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी झापाले बैंक, सहकारी तथा लघुवित्तिय संस्थाहरुले महामारीको घडिमा समेत ऋणको किस्ता तिर्न उर्दी जारी गरेको भन्दै तत्काल ऋणको किस्ता नउठाउन चेतावनी दिएको छ ।

कोरोना भाइरसका कारण हालसम्म नेपालमा १५ जनाले ज्यान गुमाएको र त्योभन्दा बढी भोकमारी र गरिबीका कारण आत्महत्या गर्ने गरीब, मजदुर, सुकुम्बासी लगायतका बासिन्दाहरुको संख्या एक हजार एक सयभन्दा बढी रहेको भन्दै मानविय संवेदनशीलतालाई ध्यान दिन र तत्काल किस्ता तिर्नको लागि कसैलाई पनि मानसिक दबाब नदिन भनिएको छ ।

जिल्ला सेक्रेटरी श्रीजंगले एक विज्ञप्ति जारी गर्दै आम झापालि जनसमुदायलाई तत्काल किस्ता नतिर्न समेत आग्रह गरेका छन् । सेक्रेटरी श्रीजंगद्वारा जारी विज्ञप्तिमा भनिएको छ,- हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी दलाल पुँजीवादी संसदीय व्यवस्थाले जनताको बिचमा थुपारेको अन्यायपूर्ण व्यवहारको विरुद्ध संघर्षरत रहँदै बैज्ञानिक समाजबादी राज्यसत्ता स्थापनाको निम्ति जस्तोसुकै चुनौतीको सामना गर्न तत्पर रहँदै एकीकृत जनक्रान्तिको महाअभियानमा छ ।

कोरोना भाइरसले विश्व समुदायलाई आक्रान्त पारेको बेला त्यसको प्रभाव नेपालमा परेको छ । अहिलेसम्म नेपालमा चार हजारभन्दा माथि कोरोना संक्रमित संख्या पुगिसकेको छ भने १५ जनाले ज्यान गुमाइ सकेका छन् । देशमा बन्दाबन्दी अवस्था छ, लाखौं मजदुरहरु बेरोजगार बन्न पुगेका छन्, भने एकातिर भोकमारी र ऋणका कारण एघार सय भन्दामाथि मजदुर, किसान, सुकुम्बासीहरुले आत्महत्या गरिसकेका छन् ।

यस्तो जर्जर परिस्थितिमा पनि मानवीय संबेदनशिलताको ख्याल नराखी झापा जिल्लामा अवस्थित एक दर्जनभन्दा बढी लघुवित्त तथा सहकारी संस्थाहरुले सर्वसाधारण जनता र व्यावसायिहरुलाइ ऋणको किस्ता भर्न मानसिक दबाब दिएको ब्यापक

(बाँकी अन्तिम पृष्ठमा)





## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक

**शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं. १९६०००००११०१**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रशारण विभाग**



## एसईई परीक्षा नहुने



**काठमाडौँ, जेठ २९।** कोरोना भाइरस महामारीका कारण स्थगित माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) परीक्षा विद्यालयद्वारा गरिएको आन्तरिक मूल्याङ्नलाई आधार बनाएर राष्ट्रिय परीक्षा बोर्डले प्रमाणपत्र जारी गर्ने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले संघीय संसद्मा पेश हुने संघीयता अनुरुपको शिक्षा ऐन पारित भएपछि माध्यमिक शिक्षाको कक्षा १० अन्तिम परीक्षाका सम्बन्धमा यो यसरुपमै दीर्घकालीन रुपमा व्यवस्थापन हुने जानकारी दिए ।

शैक्षिक सत्र २०७६ को परीक्षा साविकबमोजिम २०७६ चैत्र ६ गतेदेखि सञ्चालन हुने गरी कार्यतालिका प्रकाशन गरी सबै तयारी पूरा भइसकेको भएता पनि कोरोना संक्रमणको अवस्थालाई दृष्टिगत गरी कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको गत चैत ५ गतेको निर्णयानुसार स्थागित भएको थियो ।

मन्त्री पोखरेलले हाल देशभरका शिक्षण संस्थाहरू बन्द रहेका, कतिपय विद्यालयमा क्वारेन्टिन सञ्चालन गरिएको र रोगको संक्रमणको जोखिमका बीच विद्यालयमा परीक्षा केन्द्र कायम गरी विगतमा झैँ परीक्षा सञ्चालन गर्न सकिने अवस्था निकट भविष्यमा नरहेको सन्दर्भमा विद्यार्थीको अध्ययन निरन्तरता तथा माथिल्लो तहमा अध्ययनको अवसर सुनिश्चितताको दायित्वबोध गरेर मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी दिए ।

# झापाका ३० जना कोरोना जितेर फर्किए

**भद्रपुर, जेठ २९।** धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत गौरीगंज गाउँपालिकाका ३ जनासहित झापाका ३० जना कोरोनामुक्त भएर घर फर्किएका छन् ।

डिस्चार्ज भएका सबै ३० जना झापाका रहेको प्रष्ठिानका प्रवक्ता डा. निदेश सापकोटाले बताए । उनीहरूको पछिल्लो कोभिड-१९ रिपोर्ट नेगेटिभ आएपछि अस्पतालबाट डिस्चार्ज भएका हुन् । डिस्चार्ज भएकामध्ये गौरीगञ्ज गाउँपालिका-६ कञ्चिराका २ जना र वार्ड नं. ५का १ जना पुरूष रहेको गौरीगंज स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले बताएका छन् ।

डिस्चार्ज हुने १८देखि ४५ वर्ष उमेर समूहका रहेका छन् । त्यस्तै भद्रपुरका एक जना र कचनकवलका २६ जनाले समेत कोरोना जितेर फर्किएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानको आइसोलेसनमा अब ३२ जना संक्रमित उपचाररत् छन् ।

त्यस्तै झापामा बिहीबार तीन जना कोरोना भाइरस संक्रमित थपिएका छन् । कचनकवल गाउँपालिकामा थप तीन जनामा कोरोना संक्रमित पुष्टि भएसँगै जिल्लामा संक्रमितको संख्या १५६ पुगेको छ ।

कचनकवल १ नम्बर वडा बस्ने २० बर्षीय पुरुष, ४ नम्बर वडा बस्ने २६ बर्षीय पुरुष र ५ नम्बर वडा बस्ने २७ बर्षीय पुरुषमा कोरोना पुष्टि भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । उनीहरु भारतको मुम्बई र दिल्लीबाट आएका हुन् । योसँगै कचनकवलमा मात्रै संक्रमितको संख्या ११६ पुगेको हो ।

संक्रमित पुष्टि भएका एक जना जानकी आधारभुत विद्यालय पाठामारी र दुई जना महेन्द्ररत्न मावि केचनाको क्वारेन्टाइनमा बसेका थिए । दोस्रोपटक स्वाब संकलन गरेर पठाएकोमा तीन जनामा संक्रमण भेटिएको स्वास्थ्य शाखा प्रमुख यादवले जानकारी दिए । जेठ २४ गते ११७ जनाको स्वाब संकलन गरिएकोमा विहीबारसम्म ९५ जनाको रिपोर्ट आएको र २२ जनाको रिपोर्ट आउन बाँकी रहेको उनले बताए । बुधबारमात्र १५१ जनाको स्वाब संकलन गरी विराटनगर पठाएको उनको भनाई छ । कचनकवलका विहीवार २६ जनासहित ९२ जना कोरोना जितेर घर फर्किसकेका छन् ।



जिल्लामा हालसम्म गौरीगञ्ज १२ जनामा, शिवसताक्षीमा तीन, भद्रपुरमा तीन जना, अर्जुनधारामा दुई, गौरादह नगरपालिकामा पाँच जना, दमक नगरपालिकामा एक जना, मेचीनगरमा दुई, झापा गाउँपालिकामा एक जना, बाह्रदशीमा चार जना, बुद्धशान्तिमा पाँच जना, हल्दिबारीमा दूई, कमल गाउँपालिकामा एक जना कोरोना पुष्टि भइसकेको छ ।

## ४५ बर्षकी शिल्पाको सुन्दरताको राज

बलिउडकी चर्चित अभिनेत्री शिल्पा शेट्टी ४५ बर्षमा प्रवेश गरेकी छन् । शिल्पालाई बलिउडमा सफल अभिनेत्री मानिन्छ । बुधबारबाट उनी ४५ वर्षमा प्रवेश गरेकी उनी एक सफल व्यवसायी पनि हुन् । शिल्पाले बलिउडमा स्थान बनाउन निकै संघर्षका दिन भोगेकी छन् ।

सन् १९९३मा रिलिज भएको हिन्दी फिल्म बाजीगरबाट अभिनय करियरको शुरुवात गरेकी हुन् । शाहरुख खान र काजोल अभिनित बाजीगर हिट भए पनि शिल्पाले उक्त फिल्मबाट खासै उकालो यात्रा पाउन सकिनन् । उनी पछिल्लो समय सन् २००८ मा दोस्ताना र सन् २०१४मा रिलिज भएको ढिस्क्याऊमार्फत देखा परिन् ।

तर, सन् १९९९ मा रिलिज भएको फिल्म शूलको एक गीत 'आई हूँयूपी बिहार लूटने' मा गरेको अभिनय पश्चात उनले सफलताको स्वाद चाख्न पाइन् । उक्त आइटम नम्बरबाट शिल्पा शेट्टीको भाग्य नै बदलिएको थियो ।

त्यसैगरी सन् २००० मा रिलिज भएको फिल्म धड़कनमा शिल्पाको अभिनयलाई निकै स्नहाना मिल्यो । यस फिल्ममा उनले अक्षय कुमार र सुनिल शेट्टीका साथ काम गरेकि थिइन् । त्यसपछि खासै हिट फिल्ममा काम नगरेकि उनि पछिल्लो समय सन् २००८ मा दोस्ताना र सन् २०१४ मा रिलिज भएको ढिस्क्याऊमार्फत देखा परेकि थिइन् । त्यसयता टेलिभिजन रियालिटि शो र योगामा देखा परेकि शिल्पाले फिल्ममा देखिएकी छैनन् ।



तर आउदो बर्ष फिल्म निकम्मा र हंगामामार्फत शिल्पा बलिउडमा पूनःफर्कने तयारीमा रहेको खबरहरू बाहिरिएका छन् । शिल्पाका श्रीमान् राज कुन्द्रा व्यवसायी हुन् । हाल शिल्पा छोरा वियान र सरोगेसीमार्फत आएकि छोरीसंग पारिवारिक जीवनमा ब्यतित गरिरहेकी छन् ।

# के हुन् ३२ सेवा अपराध ?



रत्नबहादुर बस्नेत

मानव जीवनमा हरेक कार्य गर्ने नियम र विधि हुन्छन् । तिनको पालना निष्ठापूर्वक गर्नाले नै कर्मफल तथा उपलब्धि प्राप्त गर्न सकिन्छ । कतियपय यस्ता कर्महरु छन् जसको निर्देशित नियम उल्लंघन गर्दा आफूलाई तथा अरुलाई समेत हानी नोक्सानी तथा ठूलो संकट समेत व्यहोर्न विवश हुनुपर्ने देखिन्छ । कानूनी दण्ड सजाय समेत भोग्नुपर्ने अवस्था सिर्जना हुन पनि सक्छ । वर्तमान विश्वले जुधिरहेको कोभिड-१९को महामारीको अवस्थामा निर्देशित स्वास्थ्य सुरक्षाको लागि गर्नुपर्ने कार्य गर्न चुकेको खण्डमा त्यसबाट निम्तिन सक्ने विपत्ति र विनाशबारे हामीलाई थाहै छ । यहाँ वर्णन गर्न खोजिएको सन्दर्भ हो - भगवानको दर्शन, पूजन, सेवा गर्दा के कस्ता नियम-निष्ठा उल्लंघन गर्न हुँदैन र के गरेमा अपराध मानिएको छ भन्ने हो । श्रीमद्भागवत महापुराण अनुसार भगवानको सेवा अपराध ३२ वटा रहेका छन् । ती ३२ सेवा अपराध के-के हुन् त ?

१) **जुत्ता चप्पल लगाएर भगवानको दर्शन गर्नुः** भगवानको दर्शनका लागि मन्दिर प्रवेश गर्दा जुत्ता चप्पल लगाउनु हुँदैन । यसो गरे दोष लाग्छ । मर्यादा पालनका लागि सरसफाइको दृष्टिले पनि घरको कोठाचोटा तथा अन्य स्थलमा जुत्ताचप्पल फुकाल्ने तथ फेर्ने गरिन्छ ।

२) **उत्सवको दर्शन नगर्नुः** विभिन्न समयमा हुने धार्मिक उत्सवमा सहभागी नहुनु पनि अपराध मानिन्छ । त्यस्ता उत्सवको दर्शन गरेर पुण्यको भागी बन्ने प्रयत्न गर्नुपर्छ ।

३. **भगवानको दर्शन गरेर प्रणाम नगर्नुः** मन्दिर, तीर्थादिमा भगवानको दर्शन गरेर प्रणाम (झुकेर नमस्कार) गर्नुपर्छ। हामी कहाँ पूर्वीय संस्कृतिमा आफूभन्दा ठूला वा मान्यजनलाई अभिवादन गर्दा नमस्कार गर्ने चलन छ । जुन यतिबेला विश्वव्यापी बनेको छ ।

४) **अपवित्र अवस्थामा भगवानको दर्शन गर्नुः** अपवित्र अवस्था भन्नाले जुठो सुतक बारेको, स्त्रीहरुको, रजश्वला भएको तथा स्नानादि नगरेको अवस्था हो । यस्तो अवस्थामा भगवानको दर्शन गर्नु हुँदैन गरेमा दोष लाग्छ ।

५) **एक हातले प्रणाम गर्नुः** भगवानको पूजापाठ, दर्शनका क्रममा एक हातले प्रणाम गर्न निषेध गरिएको छ । मानवीय समाजमा यस्तो एक हातले अभिवादन गर्ने चलन भए पनि भगवानलाई एक हातले प्रणाम गर्नु अपराध मानिएको छ ।

६) **प्रदक्षिणा गर्दा नरोकिकन गर्नुः** भगवानको दर्शन गर्दा परिक्रमा गर्ने कार्यलाई प्रदक्षिणा भनिन्छ । यसरी परिक्रमा गर्दा भगवानको अगाडि नरोकिकन गर्न नहुने बताइएको छ ।

७) **भगवानको विग्रह अगाडि खुट्टा पसारेर बस्नुः** भगवानको प्रतिमा अगाडि खुट्टा पसारेर अमर्यादित ढंगले बस्न हुँदैन भनिएको छ ।

८) **भगवानको विग्रह अगाडि घुँडामा हात लगाएर बस्नु**

९) **भगवानको मूर्ति अगाडि सुत्नुः** भगवानको मूर्ति अगाडि सुतेर विश्राम गर्ने वा निदाउने गर्नुहुँदैन । यसो गरेमा् पनि मानिस दोषको भागी हुने बताइएको छ ।

१०) **भगवानको मूर्ति अगाडि भोजन गर्नुः** पवित्र देवालय वा भगवानको मूर्ति अगाडि भोजन गर्ने, जुठो पार्ने गर्नु हुँदैन । यसबाट पनि अपराध हुन्छ ।

११) **भगवानको मूर्ति अगाडि झूटो बोल्नु :** भगवानको अगाडि झूटो बोल्नु हुँदैन । मानिसले कही कतै असत्य बोल्न हुँदैन, सँधै सत्यवादी बन्नुपर्छ ।

१२) **भगवानको मूर्ति अगाडि ठूलो स्वरले कराउनुः** मन्दिरमा शान्त भएर भगवानको पूजा अर्चना एवम् दर्शन गर्नु पर्छ, होहल्ला गर्नु वा ठूलो स्वरले कराउनु हुँदैन । यसो गरे सेवा अपराध ठहरिनेछ ।

१३) **भगवानको मूर्ति अगाडि गफगाफ गर्नुः** मन्दिर वा देवालय पुगेर भगवत स्वरुप प्रतिमा वा मूर्ति अगाडि घरव्यवहार र समाजका कुराकानी गर्नु उचित हुँदैन ।

१४) **भगवानको श्रीविग्रह अगाडि कराउनुः** भगवानको श्रीविग्रह अर्थात् प्रतिमा अगाडि कसैलाई कराउनु वा गाली गर्न हुँदैन भनिएको छ ।

१५) **भगवानको मूर्ति अगाडि झगडा गर्नुः** ईश्वरीय स्वरुपको मूर्ति अगाडि झैंझगडा गर्नु पनि सेवा अपराध हुने बताइएको छ । धैर्यपूर्वक अरुको पालो नमिची ईश्वरको पूजाआरधनामा सहभागी हुनुपर्छ । यसो गर्दा सेवा अपराधबाट वचन सकिन्छ ।

१६) **भगवानको अगाडि घृणा तिरस्कार गर्नुः** मन्दिरमा पूजाअर्चनाका क्रममा कसैलाई घृणा, तिरस्कार भुलेर पनि गर्न हुँदैन । सानो-ठूलो, निच-उच्चको भावना राख्नाले यस्तो दुर्व्यवहार जन्म हुन्छ ।

१७) **ईश्वरको अगाडि कसैलाई अनुग्रह गर्नुः** ईश्वरीय स्वरुपको प्रतिमा वा मूर्ति अगाडि कसैलाई अनुग्रह गर्न हुँदैन भनिएको छ । यसबाट बडप्पन झल्किने भएकाले सेवा अपराध ठहरिने बताइन्छ ।

१८) **निष्ठुर नराम्रो वचन बोल्नुः** मन्दिरमा भगवानको अघि नराम्रा वचन बोलेर वा कुनै किसिमबाट अरुप्रति निष्ठुरता प्रकट गर्नु हुँदैन ।

१९) **भगवानको अगाडि पुरै शरीर कमलले ढाकेर रहनुः** मन्दिर जाँदा सम्पूर्ण शरीर कमल ढाकेर दर्शन गर्न नहुने बताइएको छ ।

२०) **मन्दिरमा मूर्ति अघि हिंसा गर्नुः** मन, वचन र कर्मले कसैलाई पनि कुनै दुःख दिनु पनि सेवा अपराध हो ।

२१) **भगवानको मूर्ति अघिल्तिर अरुको स्तुति गर्नुः** एउटा देवस्वरुपको सामू वा अघिल्तिर अर्को स्वरुपको स्तुति गर्नु ( जस्तै देवीको मूर्ति अगाडि विष्णुको प्रार्थना गर्नु) हुँदैन ।

२२) **भगवानको श्रीविग्रह अगाडि अश्लील शब्द बोल्नुः** ईश्वरीय स्वरुपको अगाडि अश्लील शब्द बोल्नु ठूलो अपराध मानिन्छ ।

२३) **भगवानको अगाडि अधोवायु त्याग्नुः** कसैका अगाडि पनि अधोवायु त्याग्नु कदापि उचित हुँदैन त्यसमा पनि अझ भगवानको अगाडि त्यसो गर्नु ठूलो हुने बताइएको छ ।

२४) **भगवानको पूजामा क्षमता हुँदाहुँदै पनि नभएको जस्तो देखाउनुः** भगवानको पूजा सामग्री सक्षम भएर पनि उत्तम नभई कमसल समर्पण गर्नुहुँदैन भनिएको छ । एक (पुष्प)लाई अनेक-नैवेद्य, वस्त्र, ऋतुफल, पक्वान्नादि) सम्झेर समर्पण गर्नुहुँदैन ।

२५) **भगवानलाई समर्पण नगरी खानेकुरा खानुः** आफूले खानेकुरा कुनै पनि चीज भगवानलाई अर्पण( ईश्वारार्पण) नगरी ग्रहण गर्नुहुँदैन भनिएको छ ।

२६) **ऋतुअनुसारको फल नचढाई खानुः** मौसम अनुसारका फलफूल, अन्नादि भगवानलाई चढाएर मात्र आफूले सेवन गर्नुपर्ने शास्त्रीय निर्देश छ । सो उल्लंघन गर्नु अपराध मानिएको छ ।

२७) **कुनै पनि फलको फ्याकिने भाग भगवानलाई चढाउनुः** कुनै पनि फलफूलको काटेर वा भाँचेर फ्याकिने भाग भगवानलाई अर्पण गर्नुहुँदैन । मीठो खाने नमीठो दिने गर्नु हुँदैन ।

२८) **भगवानलाई पीठ देखाएर बस्नुः** भगवानको अगाडि पीठ(आफ्नो शरीरको पछाडिको भाग) देखाएर बस्नुहुँदैन ।

२९. **मूर्ति अगाडि अरुलाई प्रणाम गर्नुः** कुनै पनि ईश्वरीय स्वरुप वा मूर्ति अगाडि अरुलाई नमस्कार आदि अभिवादन गर्नु हुँदैन भनेर बताइएको छ ।

३०) **गुरुको सेवा नगर्नुः** गुरुलाई भेटमा आदरपूर्वक यथायोग्य प्रणाम, सेवा सत्कार गर्नुपर्छ, त्यसो नगर्नु पनि सेवा अपराध पर्दछ भनिएको छ ।

३१) **आफूले आफ्नै प्रशंसा गर्नुः** आत्मप्रशंसालाई सर्वत्र विष मानिएको छ । अरुद्वारा गरिएको प्रशंसाको मात्र महत्व रहन्छ ।

३२) **कुनै पनि देवदेवता उपेक्षा गर्नुः** कुनै पनि देवदेवीको स्वरुपलाई उपेक्षा र अनादर गर्नुहुँदैन । सबैप्रति श्रद्धाभक्ति तथा आदरभाव राख्नुपर्छ । आफ्ना इष्टदेव मात्र पुज्य र अन्य त्याज्य ठान्नुहुँदैन । यसो गर्दा पनि अपराध हुने बताइएको छ ।

### आपराधिक ...

निक्कै बढी देखिन्छन् ।

आव २०७५/७६ को चैत, वैशाख र जेठमा एक हजार ६६७ आत्महत्याका घटना भएको अभिलेख छ । त्यसमा झुण्डिएर मात्रै एक हजार २०० जनाको मृत्यु भएको थियो । विष खाएर ३५८ जनाको ज्यान गएको छ । चैतमा ४६९, वैशाखमा ५९७ र जेठमा ६०१ जनाले आत्महत्या गरेका थिए । वर्षमा कुल पाँच हजार ७५४ घटना भएकामध्ये झुण्डिएर मात्रै चार हजार ३१२ ले आत्महत्या गरे ।

चालू आवको चैत, वैशाख र जेठ १५ सम्मको अभिलेख अनुसार एक हजार ३३९ जनाले आत्महत्या गरेका छन् । यसमा १५ दिनको घटना आउन बाँकी छ । त्यसमध्ये एक हजार १३० जनाले झुडिएर आत्महत्या गरेका छन् । चालू आवको चैतमा ४८३, वैशाखमा ५७७ र जेठमा २७९ जनाको मृत्यु भएको थियो । चालु आवको जेठ १५ सम्म चार हजार ५८३ वटा आत्महत्याका घटना भएकामा झुण्डिएका मात्रै तीन हजार ६९० रहेको छ ।

आव २०७४/७५ को चैत, वैशाख र जेठमा आत्महत्याका एक हजार ४४७ घटना भएको थियो । यो चालू आवको तीन महिनाको संख्या भन्दा १०९ ले बढी हो । सबैभन्दा बढी झुण्डिएर एक हजार ७१ जनाले आत्महत्या गरेका छन् । विष खाएर ३५५ जनाको मृत्यु भएको छ ।

सोही आवको चैतमा ४५६, वैशाखमा ५०३ र जेठमा ४८८ आत्महत्याका घटना भएका थिए । सोही आवमा कूल पाँच हजार ३१७ जनाले आत्महत्या गरेकामा झुण्डिएर मात्रै तीन हजार ८६७ जनाले मृत्युवरण गरे । अन्यले आगो लगाएर, करेन्ट लगाएर, पानीमा हाम्फालेर, तथा हातहतियारको प्रयोग गरेर आत्महत्या गरेका थिए ।

नेपाल प्रहरीका प्रवक्ता शाही विगतको वर्षको तुलनामा यो वर्ष आत्महत्याको दर बढेको भने नदेखिने बताउँछन् । दुई वर्षको तुलना गर्दा लकडाउन कै कारण मात्र आत्महत्या बढेको भन्ने तथ्यले देखाउँदैन, विगतको तुलनामा अझै केही कमी आएको छ, बढेको छैन- शाहीले भने ।

उनका अनुसार लकडाउनका कारण आपराधिक घटना भने ६० प्रतिशतले कमी आएको छ । जबर्जस्ती करणी तथा घरेलु हिंसाका घटना भने देखिएका छन् । त्यो प्रहरी र समुदायको सक्रियताले बाहिर आएको उनी ठान्छन् । केही कर्त्तव्य ज्यान तथा भवितव्यका घटना समेत यो अवधिमा घटेका छन् ।

### पहिचान ...

जगन भट्टराई, कृष्णथुम्की कृषि सहकारी संस्थाका अध्यक्ष हिक्मत क्षेत्री, रामहरि नेपाल, चिरञ्जीवी भट्टराई, वशिष्ठ अधिकारी, दीपक काफ्ले, सजिना खड्का, हेमन्त मोक्तानलगायतले सुझाव प्रस्तुत गरेका थिए ।

नगर प्रमुख विमल आचार्यको सभापतित्वमा भएको छलफलमा प्रमुखसहित उपप्रमुख मीना पोखरेल उप्रेतीले यी सुझावहरुलाई ध्यानमा राखेर आर्थिक वर्ष २०७७/ ०७८ को वार्षिक बजेट नीति तथा कार्यक्रममा समेट्ने बताए ।

### तत्काल...

जनगुनासो प्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । लघुवित्तहरुको यस्तो अमानवीय हर्कत तुरुन्तै बन्द गर्न र सम्पुर्ण जनसमुदायहरुमा कुनै पनि लघुवित्तहरुको तत्काल ऋण नतिर्न हाम्रो पार्टी अपिल गर्दछ ।

यदि जबर्जस्त रुपमा लघुवित्तहरुले हाम्रो पार्टीको उर्दि बिपरीत कार्य गरे उत्पन्न परिस्थितिको परिणाम स्वयम् सहकारी तथा लघुवित्त संस्था नै जिम्मेवार हुने यसै विज्ञप्तिमार्फत हाम्रो पार्टी सुचित गर्दछ ।

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

झापाको भद्रपुर नगरपालिका-५ बस्ने हितेश मित्रुकाको सेम्बोल नम्बर २०४०१५८५ र रजिस्ट्रेशन नम्बर ७४०४१३०६३ उल्लेख भएको राष्ट्रिय परीक्षा बोर्ड कक्षा-१२को माइग्रेसन सर्टिफिकेट चन्द्रगढीबाट भद्रपुरतर्फ जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नम्बरमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८४२६२६५९०**




**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
- घर तथा बजार क्षेत्रबाट निस्कने फोहोर मैला जथाभावी नफालौं ।
- कुहिने फोहोरलाई मल बनाई प्रयोग गरौा र नकुहिने फोहोरलाई नगरपालिकाबाट आउने गाडीलाई दिऔं ।
- खुला दिशामुक्त नगरलाई पूर्ण सरसफाईयुक्त नगर बनाउन सबैले सहयोग गरौं ।
- मानवीय स्वास्थ्यलाई घातक विषादीको प्रयोग प्रयोग नगरौं, विषादीमुक्त नगर बनाउन सहयोग गरौं ।




**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# आत्मबल पैदा गरौं

नेपाली कांग्रेसले कोरोना रोकथामका लागि गरेको खर्चको विवरण सार्वजनिक गर्न गरेको मागलाई प्रधानमन्त्रीले हल्का जबाफ दिएर उम्किने प्रयास गरेका छन्। यस अघि सरकारले अढाई महिनामा दश अर्ब खर्च भएको जानकारी दिएको थियो। लकडाउनपछि स्वास्थ्य सामग्री खरिद प्रक्रिया नै अपारदर्शी भएको भन्दै विवाद शुरू भएको थियो। अहिले खर्चको विवरण सार्वजनिक गर्न माग गर्दै जनस्तरबाटै व्यापक बिरोध र प्रदर्शन हुन थालेको छ। यसैबीच प्रधानमन्त्रीले बुधबार प्रतिनिधिसभामा सांसदहरूको प्रश्नको जबाफ दिंदै उपकरण खरिदमा भ्रष्टाचार भएको चर्चा आरोप मात्रै हो भन्दै आरोपितहरूको बचाउ समेत गर्न भ्याए। बिषयको गाम्भीर्यलाई हलुका रुपमा लिएका प्रधानमन्त्रीले महासंकटमा पनि सबैको साथ, समर्थन र सहयोगबिनै एकलौटी रुपमा अघि बढ्ने छाँट देखाए। जनताको अभिमत प्राप्त सरकारले तिनै जनताको करबाट संकलित ढिकुटीबाट भएको खर्चको विवरण खोज्न नपाउने पनि होइन।

सेक्युरिटी प्रेस, ललिता निवास हुँदै स्वास्थ्य सामग्री खरिदसम्म आइपुग्दा सरकार आलोचित भएको छ। त्यसको यथार्थ विवरण सार्वजनिक गर्नु र छानबिन गरेर दोषी पाइए कानूनको दायरामा ल्याउने आँट पनि गर्नु पर्ने हो। त्यसो नगरिए न सरकार आरोपबाट मुक्त हुन्छ न त उसको यात्रा निष्कंटक बनिन्छ। प्रधानमन्त्रीले सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा कोरोना विपदका वारेमा दिएको जवाफ पनि आधारहीन र मनगढन्ते भएको स्वास्थ्यविद्हरूले जनाएका छन्। यसले सरकार र सरकार प्रमुख नै सम्भावित जोखिम र क्षतिबाट जनतालाई जोगाउन गम्भीर नभएको देखाउँछ। लकडाउन, बन्दाबन्दी र कतै तालाबन्दी भनिएको यति लामो अबधिमा पनि सरकारले विश्वासयोग्य वातावरण बनाउन सकेन। क्वारेन्टाइन व्यवस्थित नहुँदा, न्यूनतम् सेवा सुबिधा, खानपिन र परीक्षण समेत नहुँदा ती कोरोना उत्पादन गर्ने कारखाना बन्न पुगेको टिप्पणी हुन थालेको छ।

धन्न भन्नु पर्ला कि कोरोना संक्रमणका कारण उपल्लो सेवा दिनु परेको छैन। सामान्य लक्षण पनि नदेखिई ज्यान गुमाएका छन् कतिले। कतिपय क्वारेन्टिनमा बसेकाहरूले चिकित्सक होइन स्वास्थ्य सहायकको समेत मुख नदेखी घर गएको बताइरहेका छन्। यसले सरकार जनताको स्वास्थ्यप्रति जिम्मेवार छैन भन्ने प्रमाणित गर्दछ। हुन पनि अभिभावक भनिने सरकार यो महा विपद्मा सिंहदरबारको चौघेराबाट बाहिर आएको जनताले अनुभूत गर्न पाएका छैनन्। सहयोगापेक्षी कति पेटका लागि त कति सुरक्षित बासका लागि र कति परीक्षणको पर्खाईमा छन्। तर आबश्यक सेवा नपाएर अनिश्चित भविष्य बोकेर निराशाको जीवन भोग्दैछन्।

महामारीको व्यवस्थापनको लागि सरकारको प्रयास निष्फल हुँदै गएको छ। बढ्दो संक्रमित संख्याले यही तस्वीर देखाएको छ। त्यसमाथि अपारदर्शी खर्च, स्वास्थ्य सामग्रीको अभाव र परीक्षणको सुस्तताले सरकार जनस्वास्थ्यप्रति गम्भीर नभएको देखाउँछ। पदमा बस्नेहरूबाट अख्तियारको दुरूपयोग नहोस् भनेर गठन गरिएका संबैधानिक अंगहरू पनि चुपचाप बसेका छन्। सदनबाट सडकसम्म आक्रोश छताछुल्ल भइरहँदा समेत सरकार विकल्प खोज्न तयार छैन। अझ बिदेशबाट फिर्ता हुने क्रम शुरू भएकाले संकट गहिरिने खतरा बढेको छ। यही समय सुरक्षा कवच मानिएको लकडाउन खुकुलो बनाउने निर्णय भएको छ। त्यसैले आफू-आफू जोगिएर बस्नुको विकल्प छैन। सबै झन् सचेत बनौं, झन् साबधानी अपनाऔं र महामारीलाई परास्त गर्ने आत्मबल पैदा गरौं।

# लकडाउनमा 'सम्बन्ध'मा देखिएको समस्या



बबिता बस्नेत

विवाहित, अविवाहित हरेक मानिसलाई स्वतन्त्रता प्रिय लाग्छ, लागेको देखिन्छ तर पनि विवाहलाई 'बन्धन' किन भनिएको होला ? विवाहको रूपमा प्राप्त एकर्काको साथलाई बन्धनका रूपमा परिभाषित र अभ्यास गरिदिँदा मानिसहरू कति सकसका बीच बाँचिरहेका रहेछन् भन्ने कुराको विश्वव्यापी परिदृष्य 'लकडाउन'ले देखाइदिएको छ। कोभिड-१९ का कारण भएको 'लकडाउन'ले पति-पत्नी जतिबेला पनि घरमा सँगै बस्नुपर्ने अवस्थाले धेरै कुरुप परिस्थितिहरू निम्त्याएको विभिन्न घटनाले देखाएका छन्। यो विषयमा अनुसन्धान गर्ने हो भने त्यस्ता धेरै कुरा बाहिर आउने छन्, जसले मानिसहरू जीवनसाथीको अवधारणा बदल्न चाहन्छन् भन्ने देखाउनेछ।

कुनै जमाना थियो- अधिकांश पुरुषले केही श्रीमतीहरू विवाह नै गरेर घर ल्याउँथे। विवाहको 'बन्धन' महिलामा मात्रै लागू हुन्थ्यो। आफ्नो कमाई हुँदैनथ्यो, आर्थिक परनिर्भरताका कारण जे-जस्तो परिस्थिति आए पनि सहेर बस्नु पर्थ्यो। अहिले महिलाहरू पनि कामकाजी हुन थाले। बहुविवाहलाई निषेध गर्ने कानून बन्यो। परिस्थितिले फरक मोड लियो तर पति-पत्नी सम्बन्धमा जति बाहिर देखाइन्छ त्यति इमान्दारी भने रहेको देखिँदैन।

गत अप्रिल १४ मा टाइम्स अफ इन्डियामा प्रकाशित हिमानी अरोराको अनुभव धेरै कामकाजी महिलालाई झस्काउने खालको छ। जसको सारांश यस्तो छ- 'कामकाजी भएकाले पतिसँगसँगै बिताउने समय कम हुन्थ्यो। लकडाउनले त्यो अवसर दिएकोमा म खुशी थिएँ। कार्यालयले 'वर्किङ फ्रम होम' लागू गरेपछि दुवै जना घरैबाट काम गर्न थाल्यौँ। पहिलो हप्ता सहजै बित्यो। मेरा पति प्रायः मोबाइल चलाइरहन्थे, 'कति चलाएको होला !' जस्तो लाग्थ्यो, खासै केही सोचिनँ। तर भित्री मनले भने 'के हो यस्तो यो ? केही त छ' भनिरहेको थियो। दिन बित्दै जाँदा उनको चुरोटको ब्रेक लामो हुँदै गयो। एक्लै बस्न मन पराउने, म नजिक नआइदिओस् झैँ गर्ने ! एक साँझ उनी चुरोट खान बरण्डामा निस्किनुअघि उनको पाइन्टको खल्तीमा फोनमा 'भाइब्रेसन'को आवाज आयो। उनले चलाउँदै आएको फोन हातमै थियो, मेरो पनि फोन मसँगै थियो। म छक्क परेँ र उनलाई भनेँ, तर 'खै मैले त सुनिनँ' भने। भाइब्रेसनको आवाज रोकिएन, फोन भेटियो। मेरो पतिका दुईवटा फोन छन् भन्ने मलाई कहिल्यै थाहा थिएन। के-कसो हो खोजी हुने नै भयो। फोनमा एउटा मात्रै सेभ नगरिएको नम्बरबाट फोन र म्यासेजहरू आएको देखियो। म्यासेजमा के थियो कुरा गरी साध्य छैन। सँधै काममा व्यस्त मेरो जीवनले उनमाथि शंका गर्ने कल्पना गर्नै दिएको थिएन। 'मेरो व्यक्तिगत स्पेसमा हस्तक्षेप नगर' भन्ने उनको कुराले ठुलो चोट पुर्‍यायो। सोध्दा थाह भयो, विगत ६ महिनादेखि उनको अफेयर रहेछ। मबाट लुकाउनका लागि अर्को फोन लिएका रहेछन्। दिनभरिको प्रयोगपछि फर्किंदा त्यो फोन अफिसमै राख्दा रहेछन्। लकडाउनका कारण फोन घरमा आइपुगेको रहेछ। बरण्डामा चुरोटको लामो ब्रेकको कारण पनि त्यही रहेछ। सब कुरा थाहा पाएपछि केही दिन हाम्रो बोलचाल भएन। त्यसरी जीवन चल्ने कुरा थिएन, मैले नै छुट्टिने प्रस्ताव राखेँ र भनेँ- 'यति धेरै अविश्वासका बीच सँगै बस्न हुँदैन, हामी छुट्टिऔँ।' उनले भने- 'म तिमीलाई धेरै माया गर्छु, छुट्टिने कुरा नगर, तिमीबिनाको जीवन मैले सोचेको छैन। तिमीलाई चोट नपुगोस् भनेर म अफिसमै फोन छोडेर आउने गर्थें, मलाई माफ गर।'



'लकडाउन'मै या त्यसअघि हामीमध्ये कतिलाई यस्तो घटना भएको होला ! महिला मात्र होइन पुरुषहरू पनि यस्ता घटनाका साक्षी भएका होलान्। फरकचाहिँ के हो भने माफी दिनेमा महिलाहरूको संख्या बढी छ, हुन्छ। यदि माफी दिए नै भने पनि पुरुषहरूले यस्ता घटनालाई जिन्दगीभर मुद्दा बनाइरहन्छन्। महिलाहरूले भने सकेसम्म चाँडै बिर्सिदिनुपर्छ, थाह नपाएजस्तो गरिदिनुपर्ने हुन्छ। अहिले मोबाइल र सोसियल मिडियाका कारण यो करिव-करिव घर-घरको कहानी भएको छ। घटना के भए ? भन्दा पनि किन भइरहेका छन् ? यसको अर्थ के हो ? भन्नेतिर लाग्नुपर्छ होला। यसको अर्थ हो सही या गलत आफ्नो ठाउँमा छ, मानिसहरू आफ्नो ब्यक्तिगत स्पेस चाहन्छन्। तर, त्यो स्पेसको प्रयोग महिला र पुरुषले फरक तरिकाले गरिरहेका छन्। पुरुषहरू घरमा पत्नीलाई 'तिमीबिनाको जीवन त मैले सोचेकै छैन नि' भन्दै प्रयोग गरिरहेका छन् भने महिलाहरू कोही अलिकति नजिक हुनासाथ आफू पूरै प्रेममा परेको ठान्दै सबै कुरा छोड्न तयार भएर प्रयोग गरिरहेका छन्। जसका कारण अन्तिममा दुःख पाउने महिलाहरू नै हुन्छन्। यस्ता घटनाका उदाहरण वैदेशिक रोजगारीका लागि बाहिर गएकाहरूको परिवार, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाका मुद्दा शाखादेखि अदालत हुँदै आफैंमा सीमित घटनासम्म यत्रतत्र छन्। 'लकडाउन' खुलेपछि यस्ता घटनामा वृद्धि हुने सम्भावना बढि छ। मलेशियाका अखबारहरूमा पति-पत्नी सँधै घरमा बस्नु तनावपूर्ण रहेका विभिन्न सामग्रीहरू प्रकाशित भएका छन्। लकडाउनका कारण 'मि टाइम' अर्थात् 'आफ्नो समय' नहुँदा दिनहरू कठिन रहेको र सम्बन्धमा दरार आएको मानिसहरूको भनाइ छ। चीनमा 'लकडाउन'पछि २५ प्रतिशत सम्बन्ध बिच्छेद बढेको कानून ब्यवसायीहरूले बताएका छन्, जुन सन् २००३ पछिको सबैभन्दा उच्च दर हो। सन् २००३मा सार्सका कारण केही समय घरमा बस्दा हङकङ र चीनमा धेरैको सम्बन्धमा समस्या आएको थियो। छोटो समयमै धेरै मानिसहरू छुट्टिएका थिए। अहिले विश्वव्यापी रूपमै लकडाउनले पति-पत्नी सम्बन्धमा सङ्कट ल्याएको छ।

सम्बन्धमा इमान्दारी र व्यक्तिगत 'स्पेस' फरक कुरा हुन्। कति मानिस सम्बन्धमा इमान्दार हुँदाहुँदै पनि आफू कतिबेला उठ्ने, कतिबेला सुत्ने, के पढ्ने, के हेर्ने जस्ता कुरामा आफ्नै स्पेस चाहन्छन्। तर कतिले भने यसलाई फरक ढङ्गले उपयोग गरिरहेका हुन सक्छन्। जे होस्, कोरोनाले धेरैलाई आफ्नो सम्बन्ध 'टेष्ट' गर्ने अवसर दिएको छ। सम्बन्ध बिच्छेदका कारणमा सँगै बस्दा स-साना कुरामा गरिने किचकिच, विवाहेत्तर सम्बन्ध र कुनै पनि समय शारीरिक सम्बन्धका लागि तयार हुनुपर्ने कुरा प्रमुख रहेका छन्।

हामी प्रायः आफ्नो मान्छे आफूजस्तै हुनुपर्ने मान्यता राख्छौं। प्रकृतिले हरेक मानिसलाई फरक बनाएको छ। हरेक मानिसका सोच र प्रवृत्तिहरू फरक छन्। कसैलाई के राम्रो लाग्छ, कसैलाई के, विषय र सन्दर्भहरूलाई हेर्ने दृष्टिकोणहरू फरक छन्। कसैलाई मन्दिर जान मन लाग्छ, कसैलाई डिस्को जान मन लाग्छ। जो जहाँ गए पनि चाहिएको चाहिँ आखिर खुशी नै हो। मानिसपिच्छे तनावहरू फरक छन् र ती तनावको व्यवस्थापन गर्ने तौर-तरिकाहरू पनि फरक छन्। मिलेर अगाडि बढ्ने हो भने विवाह आफैमा राम्रो, व्यवस्थित हुन मद्दत पुग्ने संस्था हो। तर, सम्बन्धहरू आफ्ना लागि भन्दा अरुका लागि अघि बढिरहेका जस्ता लाग्छन्। समाजले के भन्ला, परिवारले के भन्ला ? यसलाई त बन्धनमैं राख्नुपर्छ, कहाँ जान्छ, जान्छे, के गर्छ, गर्छे के थाहा ? एकअर्काप्रतिको शङ्कैशङ्कामा जिन्दगीका सुनौला दिनहरू खेर फाल्नेहरूको संख्या ठूलो छ। हरेक मानिस आफैमा फरक हो, यसमा महिला, पुरुष या तेस्रोलिङ्गी भन्ने छैन। फरक पृष्ठभूमि, फरक विचार, फरक चाहना, इच्छा-आकांक्षा भएका मानिसले सँगै जिन्दगी बिताउने कल्पना गर्नु र बिताउनु चानचुने कुरा पनि होइन। तर, यो संवेदनशीलता र 'पर्सनल च्वाइस'का बारेमा हामीकहाँ चर्चा नै हुने गरेको छैन। एकार्काको व्यक्तिगत रोजाई र चाहनालाई सम्मान गर्नेहरूको सम्बन्ध जति सहज रूपमा चलेको छ, नगर्नेहरूको त्यतिकै तनावमय छ। महिला हुन् या पुरुष मानिसले अन्ततः चाहने स्वतन्त्रता हो, आफ्नो इच्छा या मर्जीको जीवन हो। बाँच्दा मात्रै होइन मरेपछि पनि मुक्तिको कामना गरिन्छ, मुक्तिको अर्थ कसैको बन्धनमा नपर्नु हो। मरेपछि बन्धनलाई बाधाको रुपमा लिइएको छ, मरेपछि मात्र होइन ज्युँदै हुँदा पनि कुनै पनि प्रकारको बन्धन बाधा नै हो। जबसम्म कसैको स्वतन्त्र अस्तित्व लडाइँ झगडाको विषय बन्छ त्यसले परिवार र समाजमा सम्बन्धलाई हेर्ने दृष्टिकोणमा समभाव ल्याउन सक्दैन।

उ म होइन, मभन्दा फरक या छुट्टै मानिस हो, उसका र मेरा रुचीहरू फरक छन्, भनेर एकर्कालाई बुझ्न मात्रै सकियो भने धेरै असहज सम्बन्धहरू सहज भएर जान्छन्। यो लकडाउनले कतिलाई नजिक पनि बनायो होला, कतिलाई परिस्थिति आत्मसात गर्ने मौका पनि मिल्यो होला। तर जे-जे कुरा गरे पनि समस्या अन्ततः दृष्टिकोण, एटिच्युड र व्यवहारकै कारण सिर्जना भएको हो। मलेशियाको महिला मन्त्रालयले प्रकाशित गरेको 'लकडाउनका बेला घरमा बस्दा महिलाहरू राम्रो लुगा लगाएर चिटिक्क परेर बस' भन्ने विज्ञापनले आलोचना पाए पनि त्यसले दिने अर्थ मन पराउनेहरूको संख्या ठूलो छ। घरमा पत्नी कुक र वेट्रेस पतिचाहिँ रेष्टुरेन्टको ग्राहक जस्तो एउटा पकाउने, सर्भ गर्ने अनि अर्कोचाहिँ बसेर अर्डर मात्रै गर्ने दृष्य कतिले हेर्नुभयो र कतिचाहिँ प्रत्यक्ष पात्र भइरहनु भएको होला। यस्ता कुराले सम्बन्धमा मिठास ल्याउँछन् भनेर सोच्नु सही हुँदैन। घटना र विचार

# कोरोनाबाट ४ लाख १९ हजार ४१को मृत्यु

**काठमाडौं, जेठ २९।** कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख १९ हजार ४१ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ७४ लाख ५९ हजार ७१४ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।

नेपाली समयानुसार बिहीबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ३७ लाख ७८ हजार ५३७ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित ३२ लाख ६२ हजार १६३ व्यक्ति उपचाररत् रहेका छन्। संक्रमितहरुमा ५३ हजार ८८९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र २० लाख ६६ हजार ४०१ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख १५ हजार १३० व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा १२ लाख ६७ हजार ८८५ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ५४ हजार ६४८ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा २३ लाख ६१ हजार २५२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४० हजार ३९२ जनाको मृत्यु भएको छ।

युरोपमा २१ लाख ३९ हजार ७३८ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८० हजार ९४१ को मृत्यु भएको छ। एसियामा १४ लाख ६९ हजार १८४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ३७ हजार २०३ जनाको मृत्यु भएको छ।

अफ्रिकामा २ लाख १२ हजार ९२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ५ हजार ७१८ जनाको मृत्यु भएको छ। ओसियानामा ८ हजार ८९६ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

## भारतमा एकैदिनमा ९९९६ जना संक्रमित

**भारत, जेठ २९।** भारतमा कोरोनाभाइरसका कारण एकैदिनमा करिब दश हजार जना संक्रमित भएका छन्। सरकारी अधिकारीहरुले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ९ हजार ९ सय ९६ जना संक्रमित भएको पुष्टि भएको हो।

योसँगै भारतमा कूल संक्रमितको संख्या २ लाख ८६ हजार ५७९ पुगेको पनि स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा ३५७ जनाको मृत्यु भएको जनाएको छ। योसँगै भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको संख्या ८ हजार १०२ पुगेको छ।

भारतमा अहिले पनि १ लाख ३७ हजार ४४८ जना संक्रमित अवस्थामै रहेका छन् भने सङ्क्रमण मुक्त भएकाहरुको संख्या १ लाख ४१ हजार २९ रहेको मन्त्रालयले जनाएको छ। कोरानाभाइरसको संक्रमण भारतमा सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा देखिदै आएको छ। महाराष्ट्रमा मात्रै बिहीबारसम्म ९४ हजार ४१ जना संक्रमित भएका छन्।

दोस्रो स्थानमा तमिलनाडु प्रदेश रहेको छ। यहाँ ३६ हजार ८४१ जना सङ्क्रमित रहेका छन्। यसैगरी दिल्ली राज्यमा ३२ हजार ८१० जना संक्रमित रहेका छन्।

## असममा आगो निभाउन सेना परिचालन

**भारत, जेठ २९।** भारतको असम राज्यमा रहेको तीन सुकिया जिल्लाको बागजनमा आगो फैलिँदै गएपछि सो क्षेत्रलाई भारतीय सेनाले घेरा हालेको छ। सो क्षेत्रमा भारतीय आयल इन्डिया लिमिटेडको खानी रहेको छ। आगलागी अन्यत्र फैलिनबाट रोक्ने उद्देश्यले भारतीय सेना परिचालन गरिएको हो।

तीन सुकिया जिल्लाको बागजनमा केही दिनदेखि आगो फैलिएको छ। त्यस आगलागीमा परी बुधबार मात्र दुई जना स्थानीयको ज्यान गएको थियो।

उक्त क्षेत्रका कम्तीमा पनि सात हजार नागरिकलाई उद्धार गरेर अन्यत्रै सारिएको छ। तर, स्थानीयमा त्रास फैलिएको बताइएको छ। असम सरकारका मन्त्री चन्द्रमोहन पटवरीले उक्त बागजन क्षेत्रको भ्रमण गर्नुभएको थियो। बुधबार उहाँले सो क्षेत्रको भ्रमण गरेर आवश्यक सहयोग उपलब्ध गराउने स्थानीयलाई आश्वासन दिएका थिए।

त्यसैगरी उनले भारतीय आयल इन्डियाका अधिकारीहरुसँग भेटगरी सो क्षेत्रमा आगो निभाउनका लागि सैनिक परिचालन गरिएको बताए।

# काँकरभिट्टामा नेपालको नयाँ नक्सा



**झापा, जेठ २९।** नेपाल सरकारले भर्खरै सार्वजनिक गरेको नेपालको नक्सा नेपाल प्रवेशको पूर्वीद्वार काँकरभिट्टामा फहऱ्याइएको छ।

नेकपा निकट राष्ट्रिय युवा संघ नेपाल र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियनको संयोजनमा भएको कार्यक्रममा १ नम्बर प्रदेश सभा सदस्यद्वय गोपालचन्द्र बुढाथोकी र श्रीप्रसाद मैनालीले १० फुट लम्बाई तथा ५ फुट चौडाईको होर्डिङ बोडमा बनाईएको नयाँ नेपालको नक्साको उद्घाटन गरेका थिए। नयाँ नक्सामा भारतले अतिक्रमण गरेको नेपाली भूमि कलापानी, लिपुलेक लिम्पियाधुरासमेत समेटिएको छ।

नयाँ नक्सा सार्वजिक कार्यक्रममा बोल्दै प्रदेशसभा सदस्य बुढाथोकीले भारतले मात्र नभई विश्वका कुनै पनि देशले नेपाली भूमि अतिक्रमण गरे आम देशवासीलाई सह्य नहुने भन्दै त्यसका विरूद्ध जस्तोसुकै आन्दलोन गर्न तयार हुने चेतावनी दिए। प्रदेशसभा सदस्य बुढाथोकीले राजनीतिक आस्था र विचारका आधार फरक मत भए पनि राष्ट्रियताका सवालमा सम्पूर्ण देशवासी एक ठाउँमा उभिने बताए।

उनले देशको सीमा रक्षाका लागि हरेक नेपाली रातदिन सक्रिय रहने भन्दै वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले भारतले अतिक्रमण गरेको जग्गा समेत समेटेर नयाँ नेपालको नक्सा सार्वजनिक गरेकोमा सरकारको प्रशंसा गरे। कार्यक्रममा मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेती, नेकपा झापा जिल्ला कमिटी सदस्य डिल्लीराम घिमिरे, मेचीनगर अध्यक्ष माधवलाल अर्याल, राष्ट्रिय युवा संघका कुमार आचार्य, युवा नेताहरू बिनोद मण्डल, दीपक थापा, अखिलका झापा सहसंयोजक दुर्गा धमला, झापा जिल्ला खेलकुद विकास समितिका पूर्व अध्यक्ष शंकर थापा लगायतको सहभागिता रहेको थियो।

अखिलका मेचीनगर अध्यक्ष सन्तोष धमलाले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता राष्ट्रिय युवा संघ नेपालका मेचीनगर अध्यक्ष सरोज मेहराले गरेका थिए।

# मास्क कसरी लगाउने ?

**झापा, जेठ २९।** कोरोनाभाइरसको सङ्क्रमणबाट जोगिन लकडाउनमा बस्नु सबैभन्दा प्रभावकारी ठानिएका बेला मास्कको प्रयोगमा पनि विज्ञहरूले जोड दिएका छन्।

तर त्यसको सही प्रयोग र सही छनोट महत्वपूर्ण हुने उनीहरूको भनाइ छ। घरबाहिर भीडभाडमा जाँदा आफू सङ्क्रमित हुन र अरूलाई पनि त्यसको जोखिमबाट जोगाउन मास्कले धेरै हदसम्म सहयोग पुऱ्याउने जनस्वास्थ्यविद्हरूको मत छ। तर मास्कको प्रयोगदेखि त्यो निकाल्दासम्म उचित तरिका अपनाउनु पर्ने उनीहरूले औँल्याएका छन्।

**थुकको छिटाको जोखिम**

मास्कको प्रयोग नयाँ अभ्यास होइन। तर, कोभिड-१९को महामारीबाट विश्व नै आक्रान्त बनेको अवस्थामा लगभग सबैले मास्कको प्रयोग गर्ने गरेका छन्।

जनस्वास्थ्यविद् डा. विनोदबिन्दु शर्मा मास्क व्यक्तिगत सुरक्षाको भरपर्दो साधन बनेको बताउँछन्। उनी भन्छन्- अहिलेको सङ्क्रमणको अवस्थालाई हेर्ने हो भने सुरुका दिनमा मास्क लगाउन त्यति प्रोत्साहित गरेका थिएनौं, तर अहिले मास्क अत्यावश्यकीय साधन बनेको देखिएको छ। त्यसले थुकका छिटाहरूबाट हुन सक्ने सङ्क्रमणको जोखिमलाइ कम गराउँछ। बजारमा सामान्य कपडाबाट तयार गरिकादेखि गुणस्तरीय गरी सामान्य तया तीनथरी मास्क पाइन्छन्।

**कस्तो मास्क लगाउने ?**

कस्तो मास्क प्रयोग गर्ने भन्नेमा सर्वसाधारणमा अन्योल



पाइन्छ। डा. शर्मा सर्वसाधारणलाई सर्जिकल मास्क प्रयोग गर्न सल्लाह दिन्छन्। उनी बजारका पाइने कपडाबाट बनाइएका मास्क प्रयोग गर्न प्रोत्साहित गर्दैनन्। उनले भने- किनभने त्यसले सास फेर्दा असजिलो भएर अरू कीटाणु त्यहीं टाँसिने सम्भावना हुन्छ। सास फेर्दा सुक्खा रहने सर्जिकल मास्क उपयुक्त हुन्छ।

सर्जिकल मास्क एकदिन मात्र लगाउन व्यावहारिक हुने र एन-९५ लगायतका गुणस्तरीय मास्क सम्भावित सङ्क्रमित र सङ्क्रमितको प्रत्यक्ष सम्पर्कमा आउँदा स्वास्थ्यकर्मीहरूद्वारा लगाइने सुरक्षा पोशाक (पीपीई) कै एउटा हिस्सा भएको बताइन्छ।

**कसरी लगाउने, कसरी फुकाल्ने ?**

मास्क लगाएर मात्र हुँदैन त्यो लगाउँदा र फुकाल्दा पनि सावधानी अपनाउनुपर्ने सुझाव स्वास्थ्य शिक्षा प्रशिक्षक नवराज शर्माको छ। उनी भन्छन्- प्याकेटबाट मास्क निकालेपछि मास्कको भित्रपट्टि नछोएरै दुईवटा डोरीको सहायताले लगाउनुपर्छ। लगाइएका बेला बारम्बार घाँटीमा झुण्ड्याउने र पटकपटक फुकाल्ने गर्नुहुँदैन। पसिना आएको वा मोबाइल खेलाएको हातले मास्क छुनुहुँदैन।

अहिलेको अवस्थामा विशेषगरी स्तनपान गराउने आमाहरूले बाहिरबाट फर्किने बित्तिकै बच्चालाई स्तनपान गराउनुको साटो सरसफाइ गरेर मास्क लगाएर मात्र स्तनपान गरायो भने राम्रो हुने प्रशिक्षक शर्माले औँल्याए। मास्क सामाजिक दूरीको विकल्प कदापि होइन। त्यसैले कोरोनाभाइरस सङ्क्रमणबाट जोगिन एकआएसमा दूरी कायम राख्दै मास्कको उचित प्रयोग गर्नु आवश्यक भएको विज्ञहरू बताउँछन्। तर, देशका विभिन्न सहरहरूमा समेत सर्जिकल मास्कको अभाव देखिने गरेकाले नेपालमा कपडाले बनाइएका मास्क लगाउने प्रचलन बढेको पाइन्छ। वीवीसी

# संघर्ष समिति गठन

**गौरीगञ्ज, जेठ २९।** रुकुम घटनाको निष्पक्ष छानबिनका लागि खबरदारी गर्न गौरीगञ्ज गाउँपालिका स्तरीय संयुक्त राजनीतिक दलित संघर्ष समिति गठन गरिएको छ।

गौरीगञ्ज गाउँपालिकाभित्र रहेका दलित समुदायहरुको भेलाले सुनिता पासवानको अध्यक्षतामा २४ सदस्यीय गाउँपालिकास्तरीय संघर्ष समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा नारायण दर्नाल, सचिवमा प्रविण विश्कर्मा रहेका छन्। घटनाका दोषीलाई कार्वाही गरी उचित न्याय दिलाउँदै पीडितलाई क्षतिपूर्ति दिनुपर्ने बक्ताहरुले माग राखेका छन्।

नेकपा जिल्ला कमिटी सदस्य तथा मुक्ति समाज केन्द्रीय सल्लाहकार सदस्य श्याम ल्वागुनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दलित एकता संजाल मञ्च झापाका सचिव सुशील बराइली, गौरादह नगर मुक्ति समाज अध्यक्ष सूर्य गजमेरलगायतले गत जेठ १० गते रुकुमको चौरजहारीमा नवराज बिकसहित ६ जनामा भएको घटनाको सत्य तथ्य छानबिन हुनुपर्ने माग राखेका थिए। घटनाका दोषीलाई कार्वाही हुनुपर्ने र पीडितलाई न्याय दिनुपर्ने धारणा राखेका थिए।

# १२७ लाई गाउँमै रोजगारी

**खोटाङ, जेठ २९।** रावाबेँसी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम लागू भएपछि १२७ युवाले गाउँमै रोजगारी पाएका छन्। गरिबीको रेखामुनि परेका र लामो समयदेखि बेरोजगार रहेका व्यक्ति तथा परिवार छनोट गरेर उनीहरुको जीविकोपार्जनका लागि गाउँमै रोजगारी दिइएको हो।

ती युवालाई प्रतिव्यक्ति जनही दैनिक रु. ५१७ पारिश्रमिक दिने व्यवस्था मिलाइएको गाउँपालिका प्रमुख लीलानाथ निरौलाले बताए। हरेक टोलमा रोजगार उपभोक्ता समिति बनाएर युवा परिचालन गरिएको छ- उनले भने- कार्यक्रममार्फत गाउँमै रोजगार पाएपछि स्थानीय बासिन्दा पनि उत्साहित भएका छन्।

ती युवालाई सम्बन्धित वडाभित्रको कच्ची सडकको नाली निर्माण, वडा कार्यालय, स्वास्थ्यचौकी, विद्यालय भवनको रङगरोगन गर्ने, विद्यालय वरपर बगैँचा निर्माण गर्ने, विद्यालय तथा सार्वजनिकस्थल नजिक खाली रहेको जग्गामा फलफूलका बिरुवा रोप्नेलगायतका काममा खटाइएको छ। यही जेठ १ गतेबाट परिचालन गरिएका युवालाई रोजगार उपभोक्ता समितिले काममा खटाउने तथा हाजिरी राख्नेलगायतका काम गर्दै आएको रोजगार कोषका संयोजक कुमारप्रसाद दाहालले बताए।

छ वडा रहेको उक्त गाउँपालिकामा सो कार्यक्रमका लागि रु. २० लाख दुई हजार बजेट रहेको जनाइएको छ। कोरोना भाइरसको जोखिम हुन नदिन बन्दाबन्दी जारी रहँदा सामाजिक दूरी कायम गर्दै वडा नं ५ मा २२ र अन्य वडामा २१-२१ का दरले युवा परिचालन गरिएको गाउँपालिकाले जनाएको छ।

हरेक दिन बिहान ९ देखि बेलुका ५ बजेसम्म काममा खटिने युवाले गरेका कामलाई प्रभावकारी बनाउन अनुगमनसमेत गर्ने गरिएको अनुगमन समितिका संयोजक एवं गाउँपालिकाका उपप्रमुख समला राईले जानकारी दिइन्। अनुगमनका क्रममा कार्यक्रम प्रभावकारी भएको पाइएको संयोजक उनले बताइन्।

सो कार्यक्रममा रोजगार गुमाएर जिल्ला फर्किएका युवालाई समेत सहभागी गराइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेखबहादुर थापाले जानकारी दिए। जिल्लाको उत्तरी क्षेत्रमा पर्ने सो गाउँपालिकामा बन्दाबन्दीको मारमा परेका व्यक्ति तथा परिवारलाई राहत वितरण गर्ने काम पनि भइरहेको जनाइएको छ।

११ वडा रहेको हलेसी तुवाचुङ नगरपालिकामा प्रतिवडा रु तीन लाख ५० हजारका दरले हरेक वडा कार्यालयमा बजेट पठाएर कार्यक्रम शुरु गरिएको नगरप्रमुख इवन राईले बताए। दश स्थानीय तह रहेको जिल्लाका अन्य स्थानीय तहमा समेत उक्त कार्यक्रम लागू भएको जनाइएको छ।

# खाटबाट लडेर बालिकाको मृत्यु

**सुनसरी, जेठ २९।** सुनसरी कोशी गाँउपालिका-३ स्थितमा बस्ने १६ बर्षीया अन्जिता उरावको लडेर मृत्यु भएको छ।

आफ्नै घरमा खाटमा बसि टीभी हेरिरहेको अवस्थामा अचानक खाटबाट लडी बेहोस भएकोमा उपचारार्थ लजादै गर्दा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। घटना सम्बन्धमा कानूनी कारबाही भईरहेको उक्त कार्यालयले जनाएको छ।

# मकवानपुरमा ज्वाइँद्वारा सासूको हत्या

**हेटौँडा, जेठ २९।** मकवानपुरमा ज्वाइँले सासूको हत्या गरेका छन्। मकवानपुरगढी गाउँपालिका वडा नं १ फूलबारीटोलकी ७२ वर्षीया कान्छीमाया भोम्जनलाई उनकै कान्छा ज्वाइँ पदमबहादुर नेपालीले हत्या गरेको प्रहरीले जनाएको छ।

अपाङ्गता भएकी छोरीसँग बस्दै आएकी वृद्धाका घरमा गत वैशाख ११ गतेदेखि प्यूठान घर भएका ज्वाइँ प्रहरीका पूर्व हबल्दार नेपालीसमेत बस्दै आएका थिए। उनै नेपालीले धारिलो हतियार प्रहार गरेर सासूको हत्या गरेको र उनलाई स्थानीयवासीले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएको स्थानीयवासी कमला भोम्जनले जानकारी दिए। बिहान ४ बजे धारिलो हतियारले आक्रमण गरी हत्या गरेको र होहल्ला भएपछि स्थानीयवासीले थाहा पाई अभियुक्तलाई नियन्त्रणमा लिएको मकवानपुरगढी गाउँपालिका वडा नं. १का अध्यक्ष आइतसिंह लामाले जानकारी दिए।

हाल घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानासहितको प्रहरी टोली पुगेको छ। प्रहरीले अभियुक्त नेपालीलाई नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाएको नायब उपरीक्षक रानाले जानकारी दिए। रानाका अनुसार पक्राउ परेका नेपालीले आफूले सासूको हत्या गरेको स्वीकार गरेका छन्।

# छिमेकी युवतीलाई करणी गर्ने पक्राउ

**लहान, जेठ २९।** छिमेकी युवतीलाई जबर्जस्ती करणी आरोपमा सिरहा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

गाउँकै एक युवतीलाई जबर्जस्ती करणी गरेको आरोपमा प्रहरीले सिरहाको कल्याणपुर नगरपालिका-४ महोलिया निवासी २२ वर्षीय हैदर मियाँलाई पक्राउ गरेको हो।

सुतिरहेको अवस्थामा गतआइतबार राति घरभित्र प्रवेश गरी मियाँले जबर्जस्ती करणी गरेको पीडित युवतीको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले मियाँलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए।


## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
## गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।

**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### हिजोको सूनचाँदीको भाउ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ। बन्धुबान्धवबीच आत्मीयतामा कमी आउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ। अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझावले फाइदा हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिउँसोदेखि स्थितिमा सुधार आउनेछ भने बुद्धिको उपयोगले लक्ष्यमा पुगिनेछ। योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला। काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ। आफन्तहरू टाढिन सक्छन्। साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला। भूमि तथा पशुधनबाट सामान्य लाभ मिल्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि ठूलाको वचन हार्न नसक्दा दुःख पाइनेछ। बोलीको प्रभावले वादविवाद निम्त्याउने देखिएकाले सजग रहनुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दिउँसोदेखि आम्दानीका स्रोत बढ्नुका साथै दिगो काममा सम्झौता गर्ने समय छ। बलभन्दा बुद्धिले लक्ष्यमा पुर्याउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** परिस्थितिवश आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन्। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आगन्तुकहरूले अलमल्याउने हुनाले जीवनशैली व्यस्त रहनेछ। खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल बन्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ। हिम्मतले काम बनाउन सकिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पछिसम्म लाभ हुने काम प्रारम्भ गर्न सकिनेछ। आजको उपलब्धिले थप उत्साह जगाउनेछ। मिहिनेतले सम्मानित स्थान पनि दिलाउनेछ।